धुनिवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीखोला, धादिङ
३ नं. प्रदेश, नेपाल

फोन नं.: ०१०-४०११९७

नि. प्रमुख प्रशासकीय अधिकृत

मिति:

प.सं.:

च.नं.:

बाखाको गोठ सुधार अनुदानको लागि निवेदन पेश गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/११/१७

यस नगरपालिकाको आ.व. २०७७/७८ को आठौं नगर परिषदबाट शंसोधन भई पारित भएको तपसिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा गर्न चाहने (न्यूनतम ५ वटा माउ बाखा/पाठी/पठेंग्री पालन गरिरहेका) ईच्छुक कृषक/समूह/समिति/सहकारी तथा पशुपालन फार्महरुले नगरपालिकाको लागत साझेदारीमा गोठ सुधार कार्यक्रम संचालन संचालन प्रक्रिया २०७७ को अधिनमा रही आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात (मिति २०७७/१२/२) भित्र यस कार्यालयमा तपसिलका कागजात सहित हस्त लिखित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । कार्यक्रम सम्बन्धि थप जानकारीको लागि धुनिवेशी नगरपालिका **पशुपन्छी विकास शाखामा** सम्पर्क गर्नुहोला ।

तपसिल :

क) कार्यक्रम संचालन गरिने क्षेत्र : धुनिवेशी नगरपालिका

कार्यक्रमको नाम

क्र.सं.	कार्यक्रमको नाम	ईकाई	परिमाण	अनुदान रकम	कैफियत
१	बाखाको गोठ सुधार कार्यक्रम	पटक	१	लागतको ५० प्रतिशत वा बढिमा २५०००(पच्चिस हजार मात्र) वा बाखा संख्याको आधारमा	

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. पशुपन्छी विकास शाखाबाट उपलब्ध गराईने फर्मेट साथ हस्तलिखित आवेदन ।
२. सम्बन्धित निकायमा पशुपालन समूह/सहकारी/समिति तथा पशुपालन (बाखा) फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
५. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।

पुनश्च : ५ वटा सम्म बाखापालन गर्ने कृषकको हकमा फार्म दर्ता अनिवार्य छैन ।

टेक बहादुर कटुवाल
अधिकृत (छैटौं)

SA : सूचना प्रविधि शाखा:- सबै वडाहरुमा पठाईदिनु हुन तथा website मा राखिदिनुहुन ।